# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं वैशाख ७ गते २०११ साल

## भाग ३

## उद्योग वाणिज्यमन्त्रालयको सूचना

सू. ५२।२।०१०                                                    २०११।१।३

कोटाबाट आउने माल सामानले मात्र जनताको माँग पर्याप्त नहुने भएकाले आफ्नो खुश खरीद वा नो-आब्जेक्शन लेटर सरकारद्धारा प्राप्त गरी आफ्नै प्रयास-बाट महाजनहरूले झिकाई ल्याएको मनाही भएको बाहेक अरु किसिमको माल सामानको बिक्री वितरण हुन दिनाले जनतामा विशेष सुविस्ता नै हुन जाने र सरकारमा महसूल आउने हुँदा दरबन्दीबमोजिमको पैठारी महसूल तिरी मनाही भएका बाहेक अरु माल सामान पैठारी गर्छन् भने त्यस्ताको माल सामानमा कुनै किसिमको प्रतिबन्ध जिल्ला, गौंडाद्वारा लगाउनु हुन्न। प्रतिबन्ध लगाई दिनाले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वःभाविक अभाव हुन गै जनताको मागको पूर्ति सन्तोषजनक हुन आउँदैन। त्यस कारण मनाही भएका मालसामान बाहेक अरू गैन्ह मालसामान व्यापारीहरूले पैठारी गरी बिक्री वितरण गर्न खोज्छन् भने त्यस्ताको मालसामानको पैठारीमा जिल्ला, गौंडाका अधिकारीहरुद्वारा प्रतिबन्ध लगाइनेछैन, लाउनु हुन्न। लाएमा ऐन सवालबमोजिम हुनेछ।

आज्ञाले—

नीरराज,

सेक्रेटरी— उद्योग वाणिज्यमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।